स्वयंसेवी अभियान नेपाल
Volunteers Initiative Nepal

# VIN चौतारी

अंक २ | वर्ष ३ | असोज २०६८ | Sept 2011







## सम्पादकीय

स्वयंसेवी अभियान नेपाल (VIN) ले सन् २००७ देखि नै आर्थिक, सामाजिक, शैक्षिक,स्वास्थ्य आदि क्षेत्रमा समुदायको विभिन्न वर्गहरुको विकास तथा सशक्तीकरणको लागि क्रियाशिल रहदै आएको छ । यस संस्थाले महिला, बालबालिका, शिक्षकशिक्षिका तथा युवा वर्गलाई लक्षित गरी समष्टिगत विकासका क्रियाकलापमा आफ्ना कर्मचारीहरु तथा स्वदेशी र विदेशी स्वयंसेवक परिचालन गरीरहेको छ ।

यस संस्थाले यस वर्ष सन् २०११ मा हालसम्म गरेका महत्वपूर्ण क्रियाकलापहरुको सारसंक्षेपको रुपमा "VIN चौतारी" नामक समाचार बुलेटिन प्रकाशन गरी संस्थासँग सम्वद्ध सरोकारवाला समुदाय एवं शुभ चिन्तकहरु माझ ल्याएकाछौं । यसको साथै नेपालीहरुको महान् चाड वडा दशैं तथा शुभ दीपावली २०६८ को पावन उपलक्ष्यमा सुख, शान्ति, सुस्वास्थ्य तथा सम्वृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

### यस भित्र....

१. महिला सशक्तिकरण

२. बाल विकास तथा विद्यालय सुधार

३. यूवा विकास

४.सामुदायिक स्वस्थ्य तथा वातावरण

नेपालीहरुको महान् चाड
वडा दशैं तथा शुभ दीपावली २०६८ को
पावन उपलक्ष्यमा सुख, शान्ति, सुस्वास्थ्य
तथा सम्वृद्धिको हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं

**स्वयंसेवी अभियान नेपाल परिवार**
बालाजु काडमाण्डौं

*P.O. Box No: 19877, Kumari Marga, Balaju, Kathmandu, Tel: 01-4362560*
*Email: info@volunteeringnepal.org. wwww.volunteeringnepal.org* www.nepalchildrenhome.org

## स्वयंसेवी अभियान नेपाल : कार्यक्रम एक झलक

| महिला सशक्तीकरण | बाल विकास तथा विद्यालय सुधार | | युवा विकास | समुदायिक स्वस्थ्य |
|---|---|---|---|---|
| १. महिला शिक्षा<br>२. लघु वित्त / सहकारी<br>३. आय आर्जन | १. प्रारम्भिक बाल विकास<br>२. बाल क्लव<br>३ अनाथालय सहयोग<br>४. विद्यालय सुधार | ४.१. शिक्षक विकास<br>४.२. पूर्वाधार विकास<br>४.३. असल अभिभावकत्व<br>४.४.छात्रवृत्ती | १. युवा क्लव<br>२. स्वयंसेवा अवसर<br>३. पेशागत विकास<br>४. अंग्रेजी भाषा विकास | १. स्वस्थ्य चौकीमा विरामीको उपचार सेवा<br>२. समुदाय तथा विद्यालय स्तारिय स्वस्थ्य कार्यक्रम<br>३. चर्पी निर्माण |

# स्वयंसेवी अभियान नेपाल गतिविधि

## महिला सशक्तीकरण

### महिला सहकारी संस्था

स्वयंसेवी अभियान नेपालको सहयोगमा एक वर्ष पहिले गठन गरिएको जितपुरफेदी महिला कृषि सहकारी संस्था लि. प्रगतिको पथतिर लम्किरहेको छ । हालसम्म यस संस्थामा १५६ जनाको व्यक्तिगत खाता तथा २९ वटा समूहको खाता सहित २२२ जना शेयर सदस्यहरु रहेका छन् । सो सहकारीबाट महिलाहरुले ऋण लिएर आयआर्जनका कामहरुलाई अगाडि बढाएका छन् । हालसम्म सो सहकारीबाट रु ५,१५,०००।- ऋण प्रवाह गरिएको छ । सो संस्थाको कुल रकम रु ६,३४,१७१।- रहेको छ ।



### लेखा तालिम

जितपुरफेदी महिला कृषि सहकारी संस्थाको सदस्यहरुका लागि स्वयंसेवी अभियान नेपालद्धारा यही जुन १५ देखि १७, २०११ मा तीन दिने लेखा सम्वन्धी तालिम संचालन गरियो । यस तालिमको मूख्य उद्देश्य सहकारी संस्थाका साक्षर सदस्यहरुलाई लेखा सम्वन्धी सीप प्रदान गरी संस्थाको लेखा राख्न सक्षम बनाउनु रहेको थियो । हाल सो सहकारीको कार्यालय व्यवस्थापन तथा लेखाको लागि VIN बाट कर्मचारी प्रदान गरिएकोमा आगामी वर्षदेखि सहकारी संस्था कै महिलाहरुलाई सक्षम गराउदै लैजाने VIN को उद्देश्य रहे अनुरुप यो तालिम आयोजना गरिएको हो । यस तालिममा सिकेका सीपलाई महिलाहरुले आफ्नो आयआर्जन व्यवसायको लेखा व्यवस्थापनमा पनि उपयोगी वनाउन सक्नेछन् । यस तालिममा जम्मा १५ जना महिलाहरु सहभागी भएका थिए ।

तालिमका एक सहभागी भन्छन् : *“VIN बाट यस किसिमको महत्वपूर्ण लेखा तालिम लिई लेखा राख्न सक्ने हुन पाएकोमा म धेरै खुसी छु । हामीलाई VIN को यस किसिमको सहयोग निरन्तर चाहिन्छ”।*

### बेमौसमी तरकारी खेती सम्वन्धी तालिम

VIN द्धारा गठन गरिएका ३५ वटा समूहको सदस्यहरुका लागि यस संस्थाका प्राविधिक कर्मचारीद्धारा नियमित प्रविधिक सहायोग प्रदान गर्नुको साथै प्रत्येक समूहमा एक दिने बेमौसमी तरकारी (लहरे तरकारी) सम्वन्धी अभिमुखिकरण संचालन गरिएको थियो । यस तालिमको मूख्य उद्देश्य लहरे तरकारी खेतीलाई व्यवसायिक ढंगबाट कसरी खेती गर्न सकिन्छ भनेर प्राविधिक ज्ञान प्रदान गर्नु तथा रसायनिक किटनासक औषधीका विकल्पहरुका बारेमा सचेतीकरण गर्नु रहेको थियो । गा. वि.स.को विभिन्न स्थानमा गरिएको यस तालिममा समूहका जम्मा ११६ जना सदस्यहरु सहभागी भएका थिए ।

आर्दश महिला समूहका अध्यक्ष शान्ता फुयाँल भन्नुहुन्छ :
*" VIN कै तालिम पश्चात् हामीले तरकारी खेती शुरुवात गरेका हौं । अहिले हामी यही तरकारी खेती गरेर परिवारको आवश्यकता परिपुर्ति गर्न सक्षम भएका छौं "।*

***इन्दिरा अर्याल***
*सदस्य, जागरण महिला समूह, जितपुरफेदी-५, कोट*
*पचास वर्षिया इन्दिरा अर्याल जागरण महिला समूहको सक्रिय सदस्य हुन् । उनी सो समूहमा ५ वर्षदेखि छिन् । उनले VIN द्धारा संचालन गरिएको तरकारी खेती तालिमको साथसाथै महिला कानूनी अधिकार, स्वास्थ्य अभिमुखिकरणहरुमा पनि भाग लिएकी छिन् । VIN भन्दा बाहेक उनी सामुदायिक वन उपभोक्ता समूहको सदस्य तथा स्वस्थ्य स्वयंसेविकाको रुपमा कार्यरत छिन् । यद्यपि इन्दिराले सात वर्षदेखि तरकारी खेतीमा संलग्न भए पनि VIN को समूहमा आवद्ध भएपछि मात्र व्यवसायिक रुपमा तरकारी खेती शुरु गरेकी हुन् । हालसालै उनले बेमौसमी तरकारी खेतीबाट खुद आम्दानी रु ५०,०००/- गरेकी छिन् । मौसमी तकारी खेतीबाट उनको परिवारले वार्षिक तीन लाख जति कमाउँछन । उनको परिवारले कुखुरा पालन पनि गरिरहेका छन् जसबाट लगभग रु. ४०,०००/- जति वार्षिक आम्दानी हुन्छ ।*

*इन्दिराले प्रांगारिक तरकारी खेती सम्वन्धी तालिम पाएपछि प्रांगारिक तरकारी खेती नै गरिरहेकी छिन् । उनी भन्छिन् "रासायानिक मल तथा विषादीको प्रयोगले विभिन्न किसिमका रोगहरु लाग्नुको साथै बाझोपना हुने सम्भावना हुन्छ । प्रांगारिक खेतीले क्यान्सर जस्तो रोगबाट बचाउँछ । रसायनिक खेतीबाट गाईवस्तुहरुलाई पनि नकारात्मक असर परिरहेको हुन्छ ।" इन्दिरा तथा उनको परिवार प्रांगारिक खेती गरेर दीर्घकालिन समद्धिको लागि प्रतिवद्द छन् ।*

## व्यवसायिक विकास तालिम

सन् २०११ फेव्रुरी २२-२४ मा स्वयंसेवी अभियान नेपाल र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) को संयुक्त आयोजनामा व्यवसायिक विकास सम्वन्धी ३ दिने तालिम सम्पन्न गरिएको थियो जसको उद्द्देश्य साना किसानहरुमा व्यवसायिक सीप प्रदान गर्नु तथा उपयुक्त व्यवसाय छनौट गरी कार्य गर्न सक्षम बनाउनु रहेको थियो । जसमा जम्मा २५ वटा महिला समूहको सहभागीता रहेको थियो । त्यस तालिमको सहजिकरण IEDI का श्री इश्वरी प्रसाद शर्मा र विष्णु जोशीले गर्नु भएको थियो ।

## सिलाई कटाई तालिम

यस वर्ष पनि यस संस्थाले साना तथा घरेलु उद्योग कार्यालयको सहकार्यमा तीन महिने सिलाई तथा कटाई तालिम संचालन गर्‍यो । जितपुरफेदी डाँडाँगाउँमा रहेका सात वटा समूहका १० जना महिलाहरुले सो आधारभूत सिलाई कटाई तालिम लिने अवसर पाएका थिए । सो तालिमको समाप्ती पछि ती महिलाहरुले अझै दक्षता हासिल गर्न उच्च तहको तालिम लिइरहेका छन् ।



यस संस्थाद्धारा जितपुरफेदी गा.वि.स.मा प्राङगारिक तरकारी खेतीको परीक्षण गर्ने कार्य भैरहेको छ । छनौट गरिएका प्लटहरुमा तुलानात्मक अध्ययन गर्न मिल्ने गरी काउली, बन्दा तथा अन्य तरकारीहरु लगाइएको थियो । यो संस्था प्राङगारिक खेतीको परीक्षण गरी यसको अन्त्यमा जितपुरफेदीमा प्राङगारिक तरकारी खेती आर्थिकरुपले कत्तिको उपयुक्त छ भनी सिफारिस गर्न चाहन्छ ।

## महिला शिक्षा

महिला सशक्तीकरणको एउटा महत्वपूर्ण पाटो महिला शिक्षा हो । यस वर्ष पनि VIN ले जिल्ला शिक्षा कार्यालय र जितपुरफेदी गा. वि.स. सँग सहकार्य गरी पाँचवटा साक्षरता कक्षा संचालन गर्‍यो । यी कक्षाहरुमा कम्तीमा ८० जना महिलाहरुले लेखपढ गर्ने तथा जीवनोपयोगी सीप हासिल गर्ने अवसर पाए । संस्थाद्धारा सो कक्षामा जीवनोपयोगी सीप सम्वन्धी तालिम पनि संचालन गरिएको थियो ।

## जीवनोपयोगी सीप विकास तालिम

जीवनोपयोगी सीप भन्नाले कुनै पनि व्यक्तिलाई दैनिक जीवनका आवश्यकता र चुनौतीहरुसँग प्रभावकारी ढंगले सामना गर्न सघाउ पुर्‍याउने मिल्दो तथा सकारात्मक व्यवहारको क्षमताहरु भन्ने बुझिन्छ । VIN ले यी जीवनोपयोगी सीप विकास तालिम सबै समूहका सबै सदस्यहरुलाई प्रदान गर्ने योजना बनाएको छ । यस तालिम अर्न्तगत १६ शीर्षक छनौट गरिएको छ जस्तै : संचार, समस्या समाधान, तनाव व्यवस्थापन, आत्म सम्मान, प्रभावकारी मध्यस्थता आदि तथा यी विषयमा महिलालाई उपयुक्त हुने खालका सामग्रीहरु पनि तयार परिएका छन् । आजसम्म विभिन्न महिला समूहहरुका ९६ जनालाई यस प्रकारको तालिम प्रदान गरिएको छ ।

# बाल विकास तथा विद्यालय सुधार

## प्रारम्भिक बालविकास

### आधारभूत पुनर्ताजकी ECD शिक्षक तालिम



ECD केन्द्रको पाठ्यक्रम बनाउने उद्देश्यका साथ VIN ले तीन दिने शिक्षक तालिम तथा गोष्ठीको आयोजना २१-२३ फेब्रुरीमा गर्‍यो । जसमा आठ वटा विद्यालयका १७ जना ECD शिक्षकहरुको सहभागीता रहेको थियो । यसको साथै २७ मे मा फ्लोअप तालिमको आयोजना पनि VIN ले गरेको थियो । यस तालिमको सहजीकरण VIN स्वयंसेवक एलिसनबाट गरिएको थियो । जम्मा १५ जना शिक्षकहरु सो तालिममा सहभागी भएका थिए । यी दुबै तालिमको मुख्य विषयबस्तु ECD curriculum को ड्राफ्ट लेखन, ECD कक्षामा शिक्षकले गर्न सक्ने उपयुक्त क्रियाकलाप, खेल, बालगीत आदि रहेका थिए ।

## बाल क्लव

### बाल क्लव व्यवस्थापन तालिम

जितपुर समुदायका आठ वटा विद्यालयमा बाल क्लवको गठन गरिएको छ । प्रत्येक बर्ष प्रत्येक विद्यालयमा बाल क्लवको पुन: गठन गरिन्छ । बाल क्लवमा गर्नुपर्ने कार्यहरु गर्न सक्षम गराउने उद्देश्यले बाल क्लव व्यवस्थापन तालिम दिइएको हो । तालिमको मुख्य विषयबस्तुहरुमा बैठक गर्ने तरिका, माइन्यूट लेख्ने तरिका, बालक्लवका पदाधिकारीहरुको भूमिका, बालक्लवको आवश्यकता र महत्व, भित्ते पत्रिका प्रकाशन, आर्थिक संकलन तथा व्यवस्थापन, लेखापालन, कार्ययोजना, श्रोत नक्साङ्कन आदि थिए ।

नर्थस्टार अंग्रेजी विद्यालयका प्रधानाध्यापक, राधाकृष्ण अर्याल भन्नुहुन्छ : *" VIN ले बाल क्लवद्धारा विद्यार्थीहरुको समग्र विकासको लागि सहयोग गरिरहेको छ । पहिला हाम्रा जस्ता निजी विद्यालयहरुले पढाई र लेखाईमा मात्र ध्यान दिने गर्थौं तर अहिले हामीले विद्यार्थीको ज्ञान, सीप र व्यवहारिक परिवर्तनका साथै बालबालिकाहरुलाई मनोवैज्ञानिक ढंगबाट कसरी उत्प्रेरित गर्ने भन्ने विषयमा पनि ध्यान दिने गरेका छौं"।*

जितपुर उ.मा.वि.का शिक्षक नरेन्द्रराज घिमिरे भन्नुहुन्छ : *"VIN ले बालबालिकाहरुको शैक्षिक, व्यवहारिक तथा सृजनात्मक विकासका लागि सहयोग गरिरेहेको छ"।*

## छात्रवृत्ती/प्रायोजन सामग्री वितरण

VIN ले पिछडिएका/ सिमान्तकृत बालबालिकाहरुका लागि शिक्षामा प्रायोजन/छात्रवृत्ती सहयोग प्रदान गरिरहेको छ । यस वर्ष VIN ले समुदायका ३५ जना बालबालिकाहरुलाई छात्रवृत्ती सहयोग प्रदान गरेको छ । जसमा विद्यालयको पोशाक, किताव, कापी, कलम, विद्यालयको सम्पूर्ण शुल्क तथा आवश्यक परेमा स्वस्थ्य उपचार पनि पर्दछ ।



VIN ले समय समयमा प्रायोजित बालबालिकाका अभिभावकहरुसँग बैठक गरिरहेको तथा उहाँहरुलाई आयआर्जन गर्नलाई सीप प्रदान गर्ने बारेमा योजना गरिरहेको छ ताकि आभिभावकको नियमित आयआर्जनको श्रोत बनोस र VIN को सहयोगविना नै आफ्ना बालबालिकाको शिक्षामा सहयोग गर्न सकोस । बैठकका एकजना अभिभावक भन्नुहुन्छ : *"छात्रवृत्ती कार्यक्रम हाम्रा बालबालिकाको शिक्षा अघि बढाउनका लागि अति नै सहयोगी सिद्ध भएको छ ।"*

## युवा विकास कार्यक्रम

### वडागत युवाक्लव गठन

VIN ले २००७ देखि नै १८ देखि ३० वर्ष समुहका युवाहरुसँग काम गरिरहेको छ । जितपुरफेदी समुदायमा एउटा युवाक्लव गठन गरिएको तथा सो क्लव मार्फत युवाहरुलाई विभिन्न खाले तालिम जस्तै प्रस्तावना लेखन, सहभागितात्मक ग्रामीण लेखाजोखा, कम्प्यूटर प्रविधि तथा अंग्रेजी भाषा कक्षा आदि युवाहरुको पेशागत विकासमा सहयोग पुर्याउनका लागि प्रदान गर्दै आईरहेको छ । यस वर्ष VIN ले वडागत रुपमा युवा क्लवको गठन गरेको छ जसमा जम्मा १२० जना सदस्यहरु रहेका छन् । VIN कर्मचारीद्धारा ती युवाक्लवहरुलाई क्लव व्यवस्थापन तालिम प्रदान गरिएको छ । यस तालिमको प्रमुख उद्देश्य युवा क्लवमा सदस्यहरुलाई बैठक संचालन, बैठकको माइन्यूट लेखन, कोष संकलन तथा जिम्मेवारी लेखापालन आदि गर्न सक्षम गराउनु रहेको थियो ।

### युवाहरुको लागि प्राथमिक उपचार तालिम

VIN ले युवा क्लव सदस्यहरुका लागि एक दिने समुदायमा आधारित प्राथमिक उपचार तालिम आयोजना गरेको थियो । VIN को चिकित्सक तथा अन्तराष्ट्रिय स्वयंसेवीबाट सो तालिम प्रदान गरिएको थियो । तालिमको मूख्य उद्देश्य गाउँघरमा दैनिक जीवनमा आईपर्ने सामान्य विरामी र असामयिक विपत्तीबाट बच्न प्राथमिक तबरले उपचार गर्न सक्ने क्षमता युवाहरुमा अभिबृद्धि गर्दै लैजानु रहेको छ । तालिम प्राप्त प्राथमिक उपचार स्वयंसेवकबाट जितपुर समुदायमा प्राथमिक उपचारको सुविधा स्थापना गर्ने लक्ष्य VIN ले राखेको छ ।

## सामुदायिक स्वस्थ्य तथा वातावरण

### विद्यालयस्तर स्वास्थ्य कार्यक्रम

विद्यालयस्तर स्वस्थ्य कार्यक्रम VIN को सामुदायिक स्वस्थ्य कार्यक्रमको एक मूख्य क्षेत्र हो । यस कार्यक्रमले विद्यालयकका बालबालिकाहरुको स्वस्थ्य, उपचार पद्धती, चेतनामूलक कार्यक्रम र वातावरण



सुधारमा केन्द्रित छ । विद्यालय स्वस्थ्य कार्यक्रम तीन खण्डमा विभाजित गरिएको छ । जस अन्तर्गत स्वस्थ्य शिविर, चेतना कार्यक्रम र फोहोर व्यवस्थापन पर्दछन् । कार्यक्रम जितपुरका स्कुलहरुलाई लक्षित गरिएको छ । यस वर्षका हालसम्म जम्मा १० वटा स्वास्थ्य शिविर जसमा ३३८ जना बालबालिकाहरुले स्वस्थ्य उपचार पाए ।

### व्यक्तिगत स्वच्छता तथा सरसफाई चेतनामूलक कार्यक्रम



VIN कर्मचारी तथा अन्तराष्ट्रिय स्वयंसेवीद्धारा विभिन्न विद्यालयका प्राथमिक तहका बालबालिकाहरुलाई लक्षित गरी विद्यालय स्तरीय चेतनामूलक व्यक्तिगत स्वच्छता, स्वास्थ्य तथा सरसफाई कार्यक्रम भएको छ । यस्ता कार्यक्रमको मूख्य उद्देश्य बालबालिकाहरुलाई स्वस्थ्य तथा सरसफाई सम्बन्धी चेतना बृद्धि गर्ने, मुखको स्वास्थ्य एवं व्यक्तिगत सरसफाईको तरिका सिकाउने र स्वास्थ्य तथा सरसफाईसँग सम्बन्धित आइपर्ने समस्याबारे छलफल गर्ने रहेको थियो ।

यस वर्षदेखि VIN ले जितपुर समुदायको सबै विद्यालयका ECD कक्षाका सबै बालबालिकाहरुलाई मन्जन र ब्रस तथा साबुन उपलब्ध गराई विद्यालयमा नै व्यक्तिगत सरसफाइको बानी बसाउने कार्यक्रम गरिरहेको छ ।

### महिलाहरुलाई आङ खस्ने समस्या, स्तनपान र शिशु स्याहार सम्बन्धी चेतना कार्यक्रम अभियान

प्रजनन् स्वस्थ्य, आङ खस्ने समस्या, स्तनपान र शिशु स्याहार सम्बन्धी चेतनामूलक एक दिने कार्यक्रम संचालन गरियो । यो कार्यक्रम जितपुरका

महिलाहरुलाई लक्षित गरी गरिएको थियो । यस कार्यक्रमको मूख्य उद्देश्य महिलाहरुमा प्रजनन् स्वास्थ्य र आङ खस्ने समस्याको बारेमा चेतना अभिबृद्धि गर्नु, महिलाहरुलाई आङ खस्ने समस्या पूर्व अपनाउनु पर्ने रोकथामको उपायबारे जानकारी गराउनु, शिशु स्तनपान गराउने तरिका प्रदर्शन गराउनु तथा शिशु स्याहार सम्बन्धी ज्ञान प्रदान गर्नु रहेको थियो । यस कार्यक्रमको मूख्य विषयबस्तु प्रजनन् स्वास्थ्य, यौनजन्य सरुवा रोग, यसका प्रकार, सर्ने माध्याम, लक्षण, समस्या, उपचार पद्धति र बँच्ने उपायहरु आङ खस्ने समस्या, यसको कारण, लक्षण, आईपर्ने अप्ठ्यारो, समाजमा हेर्ने दृष्टिकोण, र बँच्ने सहज उपाय चुनौतीपूर्ण स्तनपानको उपयुक्त तरिका र फाईदा नबजात शिशुको स्याहार सुसार र खतराको संकेत आदि थियो ।

## स्वस्थ्य चौकीमा विरामीको जाँच

VIN ले जितपुरफेदी समुदायमा स्वस्थ्य कार्यक्रम



२०१० देखि सुरुवात गरेको हो । VIN को डा. द्धारा स्वस्थ्य चौकीमा एक दिन विराएर १२ बजे देखि ४ बजे सम्म स्वस्थ्य परीक्षण हुन्छ । यस वर्ष हालसम्म VIN डा. जम्मा ६७ दिन स्वस्थ्य चौकीमा रहेर सेवा पुर्‍याउँदा जम्मा १४५२ जना विरामीले स्वस्थ्य परीक्षण सेवाबाट लाभान्वित भएका छन् । निकट भविष्यमा जितपुरफेदी स्वस्थ्य चौकीमा प्याथोलोजी ल्याव संचालन हुन गैरहेको छ जसको लागि चाहिने २ वटा कोठाको भौतिक सुधारका लागि VIN ले सहयोग गरेको छ ।

## चर्पी निर्माण

स्वयंसेवी अभियान नेपालको उद्देश्य मध्ये एक उद्देश्य जितफुरफेदी गा.वि.स.लाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्नु रहेको छ । स्वयंसेवी अभियान



नेपालले चर्पी निर्माणको लागि सन् २००९ देखि नै आवश्यकता पर्ने महत्वपूर्ण सामग्रीहरु उपलब्ध गराइदिदै आएको छ र हाल सम्ममा ७२ चर्पी निर्माण भैसकेका छन् । प्रत्येक महिनामा ६ घरलाई चर्पी निर्माणको सामग्रीहरु उपलब्ध गराई दिने VIN को योजना रहेको र २०११ का अन्त्यसम्ममा थप ३६ चर्पी निर्माण कार्य हुनेछ ।

## ओखलढुङ्गा भ्रमण

VIN को आगामी कार्यक्षेत्रको रुपमा ओखलढुङ्गा जिल्ला छनौट गरिएकोले यस संस्थाका कर्मचारी समूहबाट ओखलढुङ्गाको प्रारम्भिक अध्ययन भ्रमण यहि वर्ष २० देखि २६ मार्चमा गरिएको छ । जम्मा ७ दिनको कार्यक्रममा VIN को ७ जना कर्मचारी



तथा स्वयंसेवक संलग्न थिए । यस समूहले ओखलढुङ्गाको ३ वटा गा. वि. स. मा हेल्थ क्यम्प, शिक्षकहरुसँग बैठक, समुदाय अवलोकन, महिलाहरुसँग छलफल गरेको थियो । हेल्थ क्याम्प जम्मा २ ठाउँमा गरिएको थियो जसमा जम्मा ३४० जना विरामीले स्वस्थ्य परीक्षण गराएका थिए ।

## कर्मचारीको लागि जीवनोपयोगी सीप विकास तालिम

VIN कर्मचारीको लागि जीवनोपयोगी सीप विकास तालिम यही वर्षको ५ र ६ मार्चमा संचालन गरिएको थियो । जम्मा १२ जना कर्मचारी तथा स्थानीय स्वयंसेवकहरुले यस तालिममा भाग लिएका थिए । यस तालिमको प्रशिक्षक सुदिप श्रेष्ठ हुनुहुन्थ्यो । यस तालिमको मूख्य उद्देश्य जीवनोपयोगी सीपको अवधारणा प्रदान गरी समुदायको विभिन्न लक्षित समूह जस्तै महिला समूह, बाल क्लव, युवा क्लव आदिका लागि यस विषयमा तालिम प्रदान गर्न सक्षम बनाउने रहेको थियो ।